


THE GURKHA WELFARE TRUST

# समाचार

# SAMACHARA

गोर्खा वेल्फेयर ट्रष्टको खबर पत्रिका

संख्या ६०

सन् २०२१



www.gwtnepal.org | ०६१-५६७२८१/५६७२२५

mail@hqgws.org



Registered with FUNDRAISING REGULATOR


## शतायु पुग्न लागेका पेन्सनरको मुहारमा मुस्कान

दोश्रो विश्व युद्धको समयमा भर्ती भएका ईन्द्र बहादुरलाई युद्धमा के-के भोग्नु पर्नेछ भन्ने कुराको अत्तोपत्तो थिएन।

आफ्नो सयौं जन्म दिन मनाउन गइरहेका ईन्द्रबहादुरले हामीसंग बेलायती सेनामा रहँदा तथा नेपाल पर्किएपछि जीवनमा भोगेका अनुभवहरु सुनाउनु भयो।

***"यो सहयोग मैलै सित्तैमा पाएको हैन। मेरो बलिदान र परिश्रमको कदर हो। तपाईहरूले मलाई सहयोग गर्नुको कारण मेरो नाम र मेरो आर्मी नम्बर हो।"***

**"यो सहयोग मैलै सित्तैमा पाएको हैन। मेरो बलिदान र परिश्रमको कदर हो।"**



## चुनौतीहरुका बावजुद हामी अगाडि बढ्छौं

'समाचार'को पछिल्लो संस्करण पछि नेपालमा COVID महामारीको अवस्था अशान्त रह्यो। मे महिना देखि देशभर जिल्ला स्तरमा फेरि निषेधाज्ञाहरु जारी भयो र देशका नाकाहरु पनि सिल भए, जसले गर्दा आवत जावत ठप्प भयो। हामीहरु हाम्रा भू.पू. पेन्सरहरुको घर-घरमा वहाँहरुलाई अत्यावश्यक औषधि, आर्थिक सहयोग तथा मेडिकल सुविधा पुऱ्याउन खटिरह्यौं। बन्दाबन्दीको समयमा वहाँहरुलाई वेल्फेयर सेन्टरसम्म आउन सहज थिएन र यदि हामी वहाँहरुको घरसम्म नगएको भए ती उल्लेखित सेवाहरुबाट वहाँहरु बञ्चित हुनुपर्ने थियो।

नेपाल सरकारले कुटनीतिक नम्बर प्लेट भएका हाम्रा सवारी साधनहरुलाई चल्न स्वीकृति दिएको थियो भने हाम्रा कर्मचारीहरुले स्वास्थ्य सुरक्षा सम्बन्धि सबै नियमहरुको पूर्ण पालना गरि सेवा पुऱ्याए। हाम्रा कर्मचारीहरु अझै पनि स्वच्छ खानेपानी योजना, विद्यालय भवन निर्माण योजना तथा भू.पू. पेन्सनरहरुका लागि भूकम्प प्रतिरोधी घरहरु निर्माण गर्न निरन्तर काममा लागिरहेका छन्।

COVID महामारी संगसंगै यस वर्ष नेपालमा बर्षा याम भन्दा अगाडि नै आएको छ तर पनि नेपालभर रहेका वृद्ध भू.पू. पेन्सनरहरुलाई सेवा पुऱ्याउन हाम्रा कर्मचारीहरु सवारी साधन र मोटरसाइकलहरु सहित तम्तयार छन्।

यता बेलायतमा हामीले आर्थिक सहयोग संकलन गर्ने विभिन्न कार्यक्रमहरु सम्पन्न गर्न सफल भएका छौं र आगामी दिनहरुमा पनि यस्ता थप कार्यक्रमहरु गर्ने योजना रहेको जानकारी दिन चाहन्छौं।

तपाईंहरुको सहयोगको लागि धन्यबाद।

अल हावर्ड
प्रमुख कार्यकारी अधिकृत



## पहिलो पृष्ठबाट....

***"मेरो आर्मी नम्बर मलाई कण्ठै छ, म कहिल्यै पनि बिर्सन सक्दिन।"***

सन् १९४२ मा भर्ती हुँदा भोजपुरका ईन्द्र बदादुर २२ वर्षका थिए।

*"सैनिक जीवन निकै कष्टकर हुन्थ्यो। नियमित अभ्यास गरिरहनु पर्थ्यो भने हवाई जहाजबाट दुश्मनको ईलाकामा हाम फाल्नु पर्थ्यो। हाम फालेपछि एउटा ठूलो छाता खुल्थ्यो, खुलेन भने चाँहि तपाईंको ज्यान खतरामा छ भनेर बुझ्नु पर्थ्यो। बाँचे घर फर्किन पाइन्थ्यो नत्र तपाईंको अन्तिम समय त्यही युद्ध हुन्थ्यो।"*

युद्धको दौरान वर्माको घना जङ्गलमा पल्टनका अन्य साथीहरुसंग भोक-भोकै र मध्यरातमा हवाई जहाजबाट खसालेको राशनको भरमा बिताएका पलहरु उनी सम्झन्छन्।

*"खसालिएको राशन लिन जान पनि निकै कठिन हुन्थ्यो। दिनको समयमा त दुश्मनले गोली वर्षाइ हाल्थ्यो त्यसैले रातको अन्धकारमा कसैले नदेख्ने गरी जानु पर्थ्यो। एक समय राशन लिन जाने क्रममा दुश्मनको आक्रमणमा परि धन्नै ज्यान गुमाउनु परेको थियो। ज्यान जोगाएर भाग्दा एक हप्तासम्म बदामको भरमा बाँचियो। त्यो समय निकै कठिन थियो।"*

## अवकाशपछिको समय

युद्ध समाप्त भएपछि सैन्य संख्या कम गरियो र ईन्द्र बहादुर जस्तै हजारौं नेपालीहरु बिना पेन्सन नेपाल फर्कन बाध्य भए। आर्थिक श्रोतको अभावमा नेपालमा जीवन बिताउन निकै कष्ठकर थियो:

*"युद्ध समाप्त भएपछि म नेपाल फर्किएँ। मेरो समय खेतीपातीमा नै बित्यो, हलो जोत्ने, गाइवस्तु हेर्ने ईत्यादिमा ........"*

तपाईंहरुको सहयोगको लागि धन्यवाद, सय वर्ष पुग्न लागेका ईन्द्र बहादुरहरु जस्तै अन्य भू.पू. गोर्खालीहरुले आर्थिक श्रोतको बारे चिन्ता लिनु परेको छैन। उनलाई GWT ले मासिक रुपमा वेल्फेयर पेन्सन प्रदान गरिरहेको छ।

*"नेपाल फर्केको धेरै समय पछि मैले वेल्फेयर पेन्सन पाउन थालें जुन मेरो लागि जीवन रक्षक साबित भयो।"*

*"मेरो पेन्सन मेरो छोरीले संकलन गर्ने गर्छिन्। उक्त रकमले दाल, चामल, नुन, तेल खरिद गर्न तथा पानी, बिजुली महशुल तिर्न सहयोग पुग्छ। म आफै त खरिद गर्न सक्दिन तर मेरो छोरीले किनेर ल्याइदिन्छिन्।"*

ईन्द्र बहादुरको दृष्टि कमजोर भइसकेको छ भने उनलाई हर समय सहायता चाहिन्छ। उनकी छोरीले नोकरी छाडेर सम्पूर्ण समय आफ्नो बुवाको स्याहार सुसारमा सुम्पेकी छिन्, जसका लागि उनलाई GWT ले छुट्टै भत्ता समेत उपलब्ध गराँउदै आएको छ। GWT ले ईन्द्र बहादुरका लागि शौचालय पनि नर्माण गरिदिएको छ।

*"GWT ले मेरो लागि धेरै गरेको छ। वहाँहरुले मलाई रेडियो, कम्बल, ज्याकेट दिनु भयो भने नियमित रुपमा औषधि र पेन्सन पनि दिने गर्नु हुन्छ।"*

*"म थोरै मात्रामा खान्छु र मलाई बिस्कुट एकदमै मन पर्छ। मलाई थाहा छ मेरो स्वास्थ्यको लागि बिस्कुट राम्रो होइन तर मलाई सेतो र गुलियो खाने कुरा मन पर्छ। प्रत्येक दिन म मलाई मन पर्ने घिउ र मह थोरै मात्रामा खाने गर्छु।"*

## सय वर्षमा बटुलेको ज्ञान

यति लामो आयुको राज के हो भनेर सोध्दा, ईन्द्र बहादुर भन्नुहुन्छ:

"म बेला बेलामा ब्रह्माण्डको बारेमा सोँच्ने गर्छु। यहाँ कुनै कुरा अमर छैनन्। म रुख र पातहरुको बारेमा पनि सोँच्छु, तिनीहरु पनि औलिएर जानै पर्छ। मानव पनि त्यस्तै हो। यो सब उमेरमा भर पर्छ, कुनै उमेरमा आफू कहिले मरिन्न जस्तो लाग्छ, सधैं त्यसरी नै बाँचिन्छ भनेर सोँचिन्छ तर त्यो सम्भव छैन। म सय वर्ष पुग्न लागि सकें तर मलाई मेरो लामो आयुको राज थाहा छैन। मलाई लाग्छ मैले अहिले सम्म देखेका, भोगेका र सुनेका कुराहरु मैले देख्नु, भोग्नु र सुन्नु पर्ने थियो त्यसैले म अहिले सम्म बाँच्न पाएँ।"



ईन्द्र बहादुरका लागि उपलब्ध गराइएको नयाँ बिस्तरा सेट - सन्जोगबस उक्त बिस्तरा सेटको खोल सैन्य जीवन झल्काउने किसिमको पर्न गएछ।

कुराकानीको अन्त्यमा उनले पुन: सहयागीहरुलाई धन्यवाद दिए:

**"म आफूलाई भाग्यमानी ठान्छु। म जस्तै अन्य जसलाई सहयोगको आवश्यकता छ, वहाँहरूलाई पनि हेरिरहनु भएको छ जस्तो मलाई लाग्छ, जुन एकदमै राम्रो हो। आशा छ यस किसिमको सहयोग हामीले निरन्तर पाई रहनेछु। तपाईंहरूलाई म धन्यबाद का साथै आशिर्वाद दिन चाहन्छु। आशा छ, तपाईंहरूले गरिरहनु भएको कार्यहरूहरूको सफलता सगरमाथाको उचाइसम्म पुग्नेछ।"**



# COVID-19 नियन्त्रणको प्रयासलाई थप सहयोग

## करिब ८ करोड रूपैयाँ बराबरको मेडिकल सामाग्री वितरण

दक्षिण एसियामा कोरोना महामारीको दोश्रो लहर आए संगै यसले नेपालीहरुलाई पनि असर गऱ्यो। धेरैले अस्पतालमा भर्ना भएर उपचार गराउनु पऱ्यो भने कतिले त ज्यानै समेत गुमाए।

कोरोना महामारी नियन्त्रणको प्रयास जारी नै रहे पनि नेपालको स्वास्थ्य संरचना कमजोर रहेको कुरा सर्वविदितै छ। यसै सन्दर्भमा आफ्नो नाम खुलाउन नचाहने एक जना दाताले करिब ८ करोड रुपैयाँ बराबरको मेडिकल सामाग्रीहरु GWT मार्फत् नेपाल भर रहेका अस्पताल तथा आइसोलेशन सेन्टरहरुमा वितरण गर्न सहयोग गरेका छन्।

### अत्यावश्यक मेडिकल सामाग्रीहरू

वितरण गरिएका अक्सिजन कन्सन्ट्रेटर, पल्स अक्सिमिटर तथा PPE हरुले कोरोना महामारी नियन्त्रण गर्ने नेपाल सरकारको अभियानलाई अवश्य पनि टेवा दिनेछ। स्थानीय तहसंग समन्वय गरी आवश्यकताको आधारमा GWT ले उक्त सामाग्रीहरु नेपालभर वितरण गर्न सफल भएको छ।

नेपालभर रहेका १९ वटा वेल्फेयर सेन्टरहरुका कारण स्थानीय तहसंग समन्वय गरेर काम गर्न सहज भएको थियो। आवश्यकता भएको ठाउँमा उचित सहयोग दिन हामी सफल भएका छौं।

GWT का प्रमुख कार्यकारी अधिकृत भन्नुहुन्छ:

**"यसरी सहयोग गर्नुहुने उक्त महान दातालाई GWT र मेरो व्यक्तिगत तर्फबाट धन्यबाद दिन चाहन्छु। स्वास्थ्य उपकरण या सामाग्रीको अभावमा कोहि कतै पनि उपचार बाट बञ्चित हुनुहुदैन। वितरण गरिएको उक्त सामाग्रीहरूले कोरोना रोकथाम विरुद्धको अभियानमा केही न केही सहयोग अवश्य पुऱ्याउने छ भन्ने विश्वास मैले लिएको छु।"**













# ल अब खेलौं, नाँचौ ..........

एकल जीवन यापन गर्न कठिनाई भएका गोर्खा भू.पू. सैनिकहरु तथा वहाँका बिधवाहरुलाई हाम्रो आवास गृहहरुमा २४ औ घण्टा रेख देख गरिन्छ। नेपालमा रहेका यस्तै अन्य कुनै योजनासंग तुलना गर्न नसकिने हाम्रो आवास गृहहरु ज्येष्ठ नागरीकहरुलाई दिइने सुविधाको नमूना बनेको छ।

यहाँ बस्ने वृद्ध-वृद्धाहरुको समय बिताउनका लागि विभिन्न खेल तथा कृयाकलापहरु गराइन्छ।







# वीर गोर्खाका नामबाट बेलायतमा रेल सञ्चालन




भिक्टोरिया क्रस पदकका १३ गोर्खाली बिजेताहरु मध्येका एक, तुल बहादुर पुनको नाम अंकित रेल बेलायतको ग्रेट वेस्टर्न रेलवेले सञ्चालनमा ल्याएको छ।

गत जुन महिनामा प्याडिङ्टनमा भएको उक्त रेलसेवाको उद्घाटन समारोहमा वहाँका छोरा अर्जुन तिलिजा, छोरी मेघकुमारी पुन तथा GWT का पेट्रन जोआन्ना लुम्ले उपस्थित थिए।

## वहाँको बहादुरी

वर्माको मोगाउङ्गमा जुन महिनाको २३ तारिक सन् १९४४ सालमा भएको भिडन्तमा देखाउनु भएको बहादुरीका कारण वहाँ भिक्टोरिया क्रस पदकका बिजेता हुनु भएको थियो, त्यस बखत वहाँ ६ गोर्खा राइफल्सका तेश्रो बटालियनमा २१ वर्ष मात्र पुगेका तुल बहादुर राइफलम्यानका रुपमा कार्यरत थिए। उक्त पदक बेलायती तथा कमनवेल्थ राष्ट्रका सेनाहरुलाई प्रदान गरिने बहादुरीको सबै भन्दा उच्च कदरको पदवी हो।

रेल चल्ने एउटा पुलमा आफ्ना साथीहरु मारिएको देखे पछि वहाँ एक्लै दुश्मनसंग भिडेर तीन जनालाई मारेका थिए भने अन्य पाँच जना भागेर गएका थिए।

सैन्य सेवाबाट वहाँले अनरेरी लेफ्टिनेन्टको पदमा अवकास प्राप्त गरेका थिए 'वर्मा मेडल' लगायत दशवटा पदकहरुबाट विभूषित भएका थिए।

जोआन्ना लुम्लेले भन्नुभयो:

"वर्मामा मेरो बुवासंगै युद्धमा खटिनुभएका तुल बहादुरलाई भेट्न पाउँदाको समय म कहिल्यै पनि बिर्सने छैन।"

"मलाई लाग्छ, हाम्रो स्वतन्त्रताका लागि बलिदान गर्नु भएका वहाँजस्ता वीर गोर्खालीहरुको गुण हामी माथि सधैं रहिरहने छ।"

# सिम्ले, खाँदबारीका गाँउलेहरुलाई स्वच्छ पिउने पानी



"योजनालाई सफलतापूर्वक सम्पन्न गर्न हामी गाँउले तथा कर्मचारीहरु एकजुट भएर काम गरेका थियौं।"

बेलायती सहयोग नियोग UK Aid संगको सहकार्यमा हामीले विभिन्न समुदायमा घर-घर मा स्वस्छ पिउने पानी पुऱ्याउँदै आइरहेका छौं। पानीको मूलको उचित सुरक्षा साथै समुदायमा सरसफाईको महत्वको बारे शिक्षा पनि दिइने हुनाले फोहर पानीका कारण लाग्न सक्ने रोगहरुमा कमी आएको पाउन सकिन्छ।

योजनाको शुरुवातमा अध्यक्ष, सचिव र सामुदायिक स्वास्थ्य कार्यकर्ता सहितको उपभोक्ता समिति गठन गरिन्छ जसका कारण हाम्रा योजनाहरुमा समुदाय आफै सक्रिय हुने र योजना दीगो र टिकाउ हुने सुनिश्चितता गर्दछ।

खाँदबारी स्थित हाम्रो वेल्फेयर सेन्टरबाट करिब ५ घण्टा मोटर बाटोको दूरीमा रहेका सिम्ले गाँउमा हामीले हालसालै स्वच्छ पिउने पानी योजना सम्पन्न गर्न सफल भयौं। यस गाँउमा पहिले सामुदायिक धाराहरु जडान गरिएका थिए भने उक्त धाराहरुमा पानी नआउँदा पानी लिन जान तीन घण्टासम्म पैदल हिंड्नु पर्थ्यो। उक्त योजनाका उपभोक्ताहरुसंग हामीले कुराकानी गरेका थियौं।

उक्त योजनाका निवेदक तथा अध्यक्ष बिनोद कुमार राई भन्नुहुन्छ:

"घर-दैलोमै पानीको धारा देख्दा म एकदमै खुशी छु। पहिले पानीको अभावका कारण हामीलाई धेरै समस्या थियो। अहिले गाँउको घर-घरमा स्वच्छ पिउने पानीको धाराहरु जडान गरिदिएर GWT ले गाँउलेहरुलाई धेरै नै राहत पुऱ्याउन सहयोग गरेको छ। GWT ले गाउँका केहीलाई मर्मत सम्भार सम्बन्धी सामान्य तालिम पनि दिएको छ। सबै गाँउलेहरु खुशी छन्।"

श्री ईन्द्रेणी आधारभूत विद्यालयकमा प्रधान अध्यापक दुर्गा देवी राई भन्नुहुन्छ:

*"गाँउमा पानीको अभाव थियो। अहिले विद्यालयमा मात्र नभई पूरा गाँउमा पर्याप्त मात्रामा पानी आएको देख्दा हामीलाई खुशी लागेको छ। अहिले हामीले गाँउभर पर्याप्त मात्रामा स्वच्छ पिउने पानी उपभोग गर्न पाइरहेका छौं।"*


गाँउले उपभोक्ता तथा संरक्षण सुपरभाइजर शिव कुमार राई भन्नुहुन्छ:

*"सबै गाँलेले भ्कारा हालेका थिए। निकै दु:ख भएको थियो तर धारामा पानी आउन थाले पदि ती सबै दु:ख बिर्सिने रहेछ। अहिले सबैको घर-घरमा पानीको धारा छ भने कसैलाई पनि डोकोमा पानी बोक्न परेको छैन। यस गाँउ र सम्पूर्ण गाँउलेहरुका लागि GWT ले अतिनै उत्तम सहयोग गरी योजना निर्माण सम्पन्न गरेको छ।"*

# दुर्गमका ५०० विद्यार्थीका लागि विद्यालय भवन

बालबालिकाको उज्ज्वल भबिष्यको लागि हाम्रो संस्थाले विद्यालय भवन निर्माण कार्यक्रम अन्तर्गत नेपालका दुर्गम क्षेत्रमा रहेका विद्यालयहरुको भवन निर्माण तथा मर्मत गर्ने काम गर्दै आइरहेको छ। यी क्षेत्रका प्राय विद्यालयहरुमा श्रोत तथा उचित भौतिक पूर्वाधारको अभाव हुन्छ। खोटाङ जिल्लाको बाक्सिला गाँउ स्थित श्री पृथ्वी माध्यमिक विद्यायल पनि यसको एक उदाहरण हो।

पूर्वि नेपालको दुर्गम क्षेत्रहरु मध्येका एक, यस गाँउलाई मोटर बाटोले छोएको खासै धेरै भएको छैन। वेल्फेयर सेन्टर दिक्तेलबाट उक्त गाँउसम्म पुग्न गाडीमा करिब ४ घण्टा लाग्छ भने बर्षाको समयमा कतिपय ठाँउमा गाडी चल्न असम्भव नै हुन्छ।




वि. सं. २०१८ मा स्थापित यस विद्यालयले वि. सं. २०५७ बाट माध्यमिक तहसम्मका कक्षाहरु सञ्चालन गर्दै आइरहेको छ। कुल ५३२ विद्यार्थी संख्या मध्ये करिब आधा छात्राहरु रहेको यस विद्यालयमा २० जना शिक्षक-शिक्षिकाहरु कार्यरत छन्।

१० + २ कक्षा अध्यापन गराउने उक्त क्षेत्रमै एक मात्र विद्यालयको हिसाबले भविष्यमा पनि विद्यार्थीहरुको संख्यामा कमि नहुने देखिन्छ। बरु विद्यालयले भबिष्यमा प्राविधिक शिक्षा समेत दिने गरि थप कक्षाहरु सञ्चालन गर्ने योजना राखेको छ।

## निर्माण कार्य

योजना अनुसार सम्पूर्ण निर्माण कार्यहरु पूरा गर्न दुई वर्ष लाग्ने छ। हालसम्म भवनको संरचना निर्माण कार्य पूरा भई भित्र झ्याल ढोका राख्ने, रङ लगाउने, प्लाष्टर गर्ने जस्ता कामहरु भइरहेको छ।

पूर्ण रुपमा निर्माण कार्य सम्पन्न हुँदा श्री पृथ्वी माध्यमिक विद्यालयले १८ कोठे भवन, नयाँ शौचालय ब्लक, पुस्तकालय, स्वच्छ पिउने पानी सहितको धारा, विद्यालय परिसर वरपर बार लगाउने तथा फोहर जलाउने ईन्सिनरेटर समेत पाउने छ।

विद्यालयका प्रधानाध्यापक श्री रण बहादुर राईले भन्नु भयो:

"पछिल्लो साल हामीले नयाँ भवन निर्माण योजनाको लागि निवेदन दिएका थियौं। त्यसपछि GWT का ईन्जियरहरु आएर अध्ययन गरि हाम्रो निवेदनलाई स्वीकर्त गर्नु भयो। यस गाँउमा नमुना विद्यालय भवनको निर्माण हुँदा मेरो सपना साकार भएको छ।"

**"योजना सफल बनाउन हामी लागि पर्ने छौं।"**

योजनाका निवेदक श्री एक कुमार राई भन्नु हुन्छ:

**"मेरो बुवा बेलायती सेनाका भू.पू. गोर्खाली हुनुहुन्थ्यो। मेरी आमा जीवितै हुनुहुन्छ वहाँले GWT बाट निरन्तर पेन्सन लिने गर्नुहुन्छ। आमाको पेन्सन लिन वेल्फेयर सेन्टरमा जाँदा GWT ले गर्ने कामहरूका बारेमा मैले थाहा पाँए। यस विद्यालयका विद्यार्थीहरू भविष्यमा सफल हुनेछन् भन्ने मलाई विश्वास लागेको छ। सम्पूर्ण समुदायका तर्फबाट म GWT लाई हार्दिक धन्यवाद दिन चाहन्छु।"**



विद्यालयमा भवन निर्माण अध्ययन गर्न गएका GWT का कर्मचारीहरु

# विशेष श्रद्धाञ्जली

## मार्टिन गिलटका नाममा साइकल यात्रा

*'मार्टिन गिलट एक ईतिहासकार, दार्शनिक, कवि, कलाकार, मनोरञ्जक, वफादार साथी तथा उच्च दर्जाका सैनिक अधिकृत थिए।'*

क्विन्स् गोर्खा ईन्जिनियर्स पल्टनमा क्याप्टेन रहेका मार्टिन गिलटले सन् १९८७मा सैन्य सेवामा प्रवेश गरेका थिए। उनका बुवा, पिटरले पनि ३३ वर्ष बेलायती सेनामा सेवा गरेका थिए।



आफ्नो सैन्य जीवनमा मार्टिनले नेपाल, थाइल्याण्ड, मलेशिया, बोर्नियो तथा ब्रुनाईमा बिताएका थिए भने उक्त समयमा विभिन्न समुदायमा स्वच्छ पिउने पानीको पहुँच पुऱ्याउने जस्ता कल्याणकारी योजनाहरु कार्यन्वयन गरेका थिए।

### गोर्खाली जस्तै बेलायती अफिसर

सन् १९९५ साल, हङकङमा त्यसताका आयोजना हुने मक्लेहोज ट्रेल भनेर चिनिने १०० कि.मि. दौड प्रतियोगितामा उनले भाग लिएका थिए। हाल बेलायतमा आयोजना हुने ट्रेलवाकर प्रतियोगिता पनि त्यही दौड प्रतियोगितामा आधारित हो।

*'सधैं मुस्कुराई रहने उनी एक उदारवान व्यक्ति थिए ....'*

दुर्भाग्यवश जुलाई महिना सन् २०२० मा उनलाई क्यान्सर भएको दु:खद खबर आयो। तैपनि उनले ल्याण्ड्स ईण्ड देखि जोन ओग्रोट्ससम्म दौडने चुनौती आफैले आफैलाई राखे। उक्त दौड पूरा गर्न उनले एक महिनासम्म प्रत्येक दिन करिब ५० कि.मि. दौडनु पर्ने थियो।  तर उनको शरीर मा क्यान्सर रोग फैलिसकेको थियो। दुर्भाग्यवश् गत साल अक्टोबर महिनामा उनको निधन भयो भने उनले संकल्प गरेको सो चुनौती अधुरै रह्यो।

उनी गोर्खालीहरुका लागि सधैं समर्थन र सहयोग गर्ने गर्दथे भने उनका परिवार र साथीहरु पनि उनका विरासतलाई निरन्तरता दिन चाहन्छन्।

### साइकल यात्रा

मार्टिनका श्रीमती मिराण्डा, साथीहरु चार्ल्स, टम, डेभिड तथा अन्य साथीहरु मिलेर LEJOG समूह बनाएका छन्। उक्त समूहले मार्टिनले तय गरेको १,६०० कि.मि. भन्दा बढीको दुरी साइकलमा यात्रा गर्ने भएको छ। सो यात्रा १२ सेप्टेम्बर सन् २०२१ मा शुरु गरेर २६ सेप्टेम्बर सन् २०२१ मा सक्ने अपेक्षा गरिएको छ।

### GWT लाई सहयोग

उक्त साइकल यात्राबाट संकलन भएको सहयोग रकम भूकम्पबाट क्षती पुगेको ओखलढुङ्गा स्थित श्री भगवती उच्च माध्यमिक विद्यालयको भवन निर्माणमा प्रयोग गरिने छ। यस नयाँ भवन र संरचनाले शिक्षक तथा विद्यार्थीहरुका लागि सुरक्षित वातावरण मात्र नभई विद्यार्थीहरुको उज्ज्वल भविष्यका लागि शिक्षाको पहुँचमा सुधार ल्याउने छ।

गोर्खाली र समग्र नेपालीहरुको सहयोग गर्न समर्पित मार्टिनको सम्झनामा उक्त विद्यालय भवनको नाम राखिने छ।

स्वर्गीय मार्टिन गिलट प्रति हामी हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं।



## कोरोनाले GWT कर्मीको निधन ......



**हाम्रा सहकर्मी श्री गम बहादुर गुरुङको दु:खद तथा असामयिक निधनले हामी मर्माहत भएका छौं।**

ग्रामीण खानेपानी तथा सरसफाई योजनामा प्रोजेक्ट सुपरभाइजरका रुपमा कार्यरत वहाँ आफ्ना सहकर्मीहरुका माझ निकै प्रिय हुनुहुन्थ्यो। COVID-19 संक्रमणका कारण वहाँको उपचार अस्पतालमा भइरहेको थियो तर पनि वहाँको स्वास्थ्य स्थितिमा सुधार आउन सकेन र अन्तत: २२ मे सन् २०२१ सालको दिनमा वहाँले सदाका लागि यस संसारबाट विदा लिएर जानुभयो। वहाँका श्रीमती र चार सन्तान छन्।

वहाँको सम्झनामा हाम्रा सप्पूर्ण कार्यालयहरुमा दिप प्रज्वलन तथा एक मिनेट मौन धारण गरी भावपूर्ण श्रद्धाञ्जली अर्पण गरिएको थियो।

### वहाँको योगदान

स्वर्गीय गम बहादुरले सन् २००३ बाट लगातार १८ वर्षसम्म नेपालको ग्रामीण भेगहरुमा विपन्न समुदायहरुका लागि स्वच्छ पिउने पानी पुर्‍याउन सहयोग गर्नु भएको थियो। कार्यकालको दौरान वहाँले १७ जिल्लामा ५० भन्दा बढी परियोजनाहरुको सफलताका साथ सुपरिवेक्षण गर्नुभएको थियो भने सो परियोजनाहरुबाट १४,००० भन्दा बढी सेवाग्राहीहरु स्वच्छ पिउने पानीबाट लाभान्वित भएका छन्।

गोर्खा वेल्फेयर ट्रष्टका फिल्ड डाइरेक्टर एल्टन डेभिसले भन्नु भयो:

**"गमजी एक वफादार तथा समर्पित सहकर्मी हुनुहुन्थ्यो र वहाँको कमी हामीले एकदमै महसुस गर्नेछौं। वहाँको आत्माले चिर शान्तीको कामना गर्दै शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं।"**









### तस्बिरहरुमा: नेपालको बर्खायाम

नेपालमा बर्खायाम जुन महिना देखि सेप्टेम्बर महिना सम्म हुने गर्दछ। बाढी तथा पहिरोको कारण यहाँ हरेक वर्ष जनधनको क्षति पनि हुने गर्दछ।

दुर्गम ईलाकामा बसोबास गर्ने भू.पू. गोर्खाली तथा विधवाहरुलाई अत्यावश्यक सेवा पुर्‍याउन जस्तै परिस्थितिको पनि सामना गर्न तयार छन्।



## १९ नोभेम्बर सन् २०२१ को दिन लेबर्नमा सांगितिक कार्यक्रम



आउँदो नोभेम्बर महिनामा ब्याण्ड अफ द ब्रिगेड अफ गोर्खाज्ले एउटा नौलो स्थानमा आफ्नो प्रस्तुति दिने भएको छ।

पश्चिमा तथा नेपाली संगीतको मिश्रण, खुकुरी नाच तथा पाइप्स र ड्रम्सको उक्त सांगीतिक कार्यक्रम लेबर्न स्थित अति सुन्दर Garden Rooms (बगैंचा कोठा) मा १९ नोभेम्बर सन् २०२१ मा आयेजना गरिँदै छ।

दोश्रो विश्व युद्धको क्रममा बर्माको लडाइमा पाँचौ गोर्खाली पल्टनको नेतृत्व गरेका लेफ्टिनेन्ट कर्णेल एलन मेक्कोनाची DSO को सम्झनामा सहयोग गर्ने संस्था शेरउड्सलाई हामी धन्यबाद दिन चाहन्छौं।

उक्त कार्यक्रमको बारे थप जानकारी लिन वेभसाइटमा हेर्न सक्नुहुन्छ:
**www.gwt.org.uk/concert21**

## यस वर्षको ट्रेल्वाकर दौड प्रतियोगिता

यस वर्षको ट्रेल्वाकर प्रतियोगिता सेप्टेम्बर महिनाको २४ देखि २६ तारिक सम्म बेलायातको साउथ डाउन्समा आयोजना हुँदैछ।

गोर्खा वेल्फेयर ट्रष्टका लागि आर्थिक सहयोग रकम जुटाउने कार्यक्रमहरु मध्ये ट्रेल्वाकर दौड प्रतियोगिता एक महत्वपूर्ण कार्यक्रम हो।

बेलायती संस्था अक्सफामको सहकार्यमा आयोजना गरिने उक्त कार्यक्रम लामो दूरीको दौड प्रतियोगिताहरु मध्ये निकै ख्याति प्राप्त र चुनौतीपूर्ण मानिन्छ।



सहभागीहरुले चार जनाको एक समूह बनाइ ३० घण्टा भित्र १०० कि.मि. दूरिको पैदल यात्रा / दौड पार गर्नुपर्ने हुन्छ।

प्रतियोगितामा हजारौंको संख्यामा सबै उमेर समुहका व्यक्तिहरुले भाग लिने भएता पनि प्राय: गोर्खालीहरुले नै उक्त दौडमा विजय हासिल गर्दै आइरहेको छ।

## मेडिकल उपचार खर्च दावीमा (SECONDARY MEDICAL CLAIMS - SMC) परिवर्तन सम्बन्धी सूचना

१ जुलाई सन् २०२१ बाट लागू हुने गरि SMC प्रक्रियामा निम्न प्रकारका परिवर्तनहरु हुनेछन्:

### व्यक्तिगत योगदान (Personal Contribution) दरमा कटौती:

Band 2 देखि 4 सम्मका लागि व्यक्तिगत योगदान दरलाई 10% कटौती गरिएको छ। १ जुलाई सन् २०२१ बाट व्यक्तिगत योगदान दर निम्म प्रकारले कायम गरिने छ:

- Band 2: 5%
- Band 3: 15%
- Band 4: 20%.

### निजी अस्पतालमा उपचार गराउँदा लाग्ने अतिरिक्त योगदान दर खारेज:

१ जुलाई सन् २०२१ बाट लागू हुने गरि निजी अस्पतालमा उपचार गराउँदा लाग्ने अतिरिक्त योगदान दर हटाईने भएको छ। माथि उल्लेखित व्यक्तिगत योगदान दर १ जुलाई सन् २०२१ बाट GWT डाक्टरबाट रिफर भई कुनै पनि अस्पतालमा (सरकारी या निजी) उपचार गराउँदा भएको खर्च दावी गर्दा लागू हुनेछ। आपतकालिन अवस्था (AWC मा जानकारी गराएको हुनु पर्ने) बाहेक GWT डाक्टरको रिफरल विना निजी अस्पतालमा उपचार गराएमा या रिफर गरिएको अस्पताल भन्दा फरक अस्पतालमा उपचार गराएको खण्डमा पेन्सनरले हाल कायम रहेको अतिरिक्त योगदान दर व्यहोर्नु पर्नेछ (i.e. Band 2: 25%, Band 3: 35% and Band 4: 50%)।

### दाँतको उपचार खर्च दावी:

१ जुलाई सन् २०२१ बाट सम्पूर्ण पेन्सनरहरुले (सर्भिस पेन्सनर लगायत) वार्षिक अधिकतम रु २०,०००/- सम्म दाँतको उपचार गराए वापत खर्च दावी गर्न सक्नेछन्। सो उपचार खर्च दावी गर्न GWT डाक्टरले रिफर गरेको (टेलिफोनबाट पनि रिफरल लिन सकिनेछ) हुनुपर्ने र GWT डाक्टरले तोकेको GWT बाट मान्यता प्राप्त अस्पताल/स्वास्थ्य संस्थामा उपचार गराउनु पर्नेछ। आपतकालिन अवस्थामा, AWC का मेडिकल कर्मचारीलाई, सम्भव भएसम्म उपचार गराउनु अघिनै या २४ घण्टा भित्र जसरी पनि जानकारी दिनु पर्नेछ। दाँतको उपचार पश्चात सम्पूर्ण बिलहरु बुझाई रकम दावीका लागि सामान्य SMC प्रक्रियामा संलग्न गरिनेछ।

**दन्त उपचार सम्बन्धी निम्न खर्चहरूको रकम दावी गर्न सकिने छ:**

a. Dentist consultation (दन्त चिकित्सकसंग परामर्श)
b. Scaling (दाँत स्केलिंग-सफा गर्ने)
c. Extraction (दाँत उखाल्ने)
d. Filling (दाँत भर्ने)
e. Root canal treatment (दाँतको जराको उपचार)
f. Partial (Upper or lower) or Complete denture (नक्कली दाँत (माथिको वा तलको वा पूरा) हालेका)

**निम्न किसिमको दाँत सम्बन्धी (दाँतको कस्मेटिक वा सजावट) उपचारहरूको खर्च दावी गर्न पाइने छैन:**

a. Invisalign Braces (with some exceptions in children under 18) (दाँतमा तार बाँध्ने वा मिलाउने - १८ वर्ष मुनिकालागि केही अपवाद)
b. Dental veneers (दाँतमा खोल/कभर हालेको)
c. Enamel Abrasion (दाँत इनामेल घर्षण गरेको)
d. Dental bonding (दाँत जोडेको वा मिलाएको)
e. Tooth bleaching / whitening (दाँत चम्काएको/सेतो बनाएको)



# वीर योद्धाका परिवारको हेरचाह

देवकी जस्तै हजारौं भू.पू. गोर्खालीहरु तथा तिनका विधवाहरुलाई सहयोग गर्न तपाईंहरुकै समर्थनका कारण सम्भव भएको छ।



भू.पू. गोर्खाली स्वर्गीय दल बहादुर गुरुङकी विधवा देवकी गुरुङको गाँउ पोखराबाट करिब ३० कि.मि.को दूरीमा अवस्थित छ। पोखराबाट खासै टाढा नभए पनि मोटर बाटो कालोपत्रे नहुनुका कारण बर्खायाममा यात्रा गर्न निकै कठिन हुन्छ।

गत साल हृदयघातका कारण सामान्य हिँडडुल मात्र गर्न सक्ने देवकीलाई उनका छोरा नरकाजि गुरुङले देखभाल गर्दै आउनु भएको छ। नरकाजिका तीन छोराहरु मध्ये एक वैदेशिक रोजगारमा गएका छन् भने बाँकी दुई पढ्दै छन्। पेशाले किसान, उनको कमाईले पूरा परिवार पाल्न मुश्किल नै हुन्छ। गोर्खा वेल्फेयर ट्रष्टबाट (GWT) देवकीलाई प्राप्त हुने वेल्फेयर पेन्सनले यस परिवारलाई धैरै सहयोग पुगेको छ।

## स्वर्गीय दल बहादुर गुरुङ

भारतको गोरखपुरबाट भर्ती भएका दल बहादुर चौथौं वर्मा रेजिमेन्टमा आबद्ध थिए। पहिलो र दोश्रो वर्मा युद्धमा खटिएका दल बहादुरले आफ्नो बहादुरीका लागि 1939/45 Burma Star तथा Defence / War मेडल पनि प्राप्त गरेका थिए।

आफ्ना स्वर्गीय पिताका बारेमा जिज्ञाशा राख्दा, नरकाजीले भने:

"म त सानै थिएँ तर बुवाले लडाईमा गोली र बम्बको वर्षाबाट बच्न खाल्डाहरु खनेको कुरा बताउनु हुन्थ्यो। एक पटक त दुश्मनको गोलीले वहाँको खुकुरीको बिंडनै उडाइदिएको थियो रे। कसो त्यो गोलीले वहाँलाई लागेन र युद्धबाट जीवितै फर्किएकोमा एकदमै भाग्यमानी भएको कुरा गर्नुहुन्थ्यो।"

## लकडाउनको समयमा सेवा

**"GWT ले मेरी आमालाई हर सम्भव सेवा दिएको छ।"**

"लकडाउनको शुरुवातमा आवत जावत ठप्प थियो, हामी कहिँ जान सक्ने स्थिति थिएन तर तपाईंहरु घरमै आएर आमाको पेन्सन र आमालाई औषधि दिनु भयो। अहिले फेरि पनि आउनु भएको छ, हामी एकदमै कृतज्ञ छौं।"

## देवकीको नयाँ घर

हालसालै, GWT ले देवकीका लागि नयाँ भूकम्प प्रतिरोधि घर बनाउन सफल भएको छ। यसभन्दा अघि, उनि ढुङ्गा र माटोले बनेको र खरले छाएको घरमा बस्ने गर्दथिन्। नरकाजीले त्यो पुरानो घरको बारेमा यसरी सम्झे:

"म जन्मिनु भन्दा अघि त्यो घर बनेको हो भनेर मलाई आमाले भन्नु भएको थियो, त्यसैले त्यो घर बनेको कम्ती पनि ६५ वर्ष भैसकेको हुनु पर्छ।"

**"GWT प्रति हामी एकदमै आभारी छौं। तपाईंहरुले दिनु भएको सेवा र सहयोग, यस्तो परिस्थितिमा, अझ कदरयोग्य छ।"**